कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा	

हिमालयन जनरल ईन्योरेन्स कं. लि.
HIMALAYAN GENERAL INSURANCE CO.LTD.

बबरमहल, काठमाडौं । फोन नं.: ५७७-०१-४३३१७८८, फ्याक्स: ५७७-०१-४३४१५१७
Email: ktm@hgi.com.np | URL: www.hgi.com.np

को

हकप्रद शेयर खरीद दरखास्त फाराम

मिति : २०७४/ /

सि.नं.:

संस्थापक ☐

सर्वसाधारण ☐

शेयरधनी नं.:

कोड नं.:

मार्फत:

NMB CAPITAL LIMITED

एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं
फोन नं.: ९७७-०१-४४३७०९३, फ्याक्स: ०१-४४३७०९०
इमेल: info@nmbcl.com.np, वेब: www.nmbcl.com.np

हितग्राही खाता नं.	DP ID								
	Client ID								

श्री संचालक समिति
हिमालयन जनरल ईन्योरेन्स कं. लि.
बबरमहल, काठमाडौं ।

महाशय,

त्यस कम्पनीको ६४,२०,००० कित्ता बराबरको हकप्रद शेयर निष्काशन प्रयोजनको लागि प्रकाशित "हकप्रद शेयरको निष्काशन तथा व्यवस्थाहरू" को शर्त अनुसार कम्पनीले आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मिति २०७४/०३/१६ गते भन्दा अघिल्लो दिनसम्म मेरो/ हाम्रो नाममा कायम अभौतिक ..... कित्ता र भौतिक ..... कित्ता शेयरको १:१.६६६७ (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.६६६७ कित्ता हकप्रद शेयर) को अनुपातले हुन आउने.....कित्ता हकप्रद शेयर खरीद गर्न मेरो/हाम्रो कायम हक बमोजिम.....कित्ता शेयरहरु खरीद गर्ने ईच्छा भएकोले प्रति शेयर रु १००/- का दरले हुन आउने जम्मा रकम रु ..... (अक्षरेपी.....मात्र) को भौचर/ड्राफ्ट संलग्न गरी तल उल्लेखित विस्तृत विवरण सहित यो निवेदन गरेको छु/छौं । कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएको उल्लेखित हकप्रद शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही रहेको हकमा)	जम्मा शेयर कित्ता
सावित कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
प्रति शेयर रु.१०० /- ले बुझाएको रकम	रु.	अक्षरमा:	
दरखास्त बुझाएको मिति:	२०७४/ /	भौचर/ड्राफ्ट नं:	
चेक खिचिएको बैंकको नाम		चेक नं:	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना :	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक		
	In English	Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER

ठेगाना	घर नं./वडा नं.		टोल		गा.पा./न.पा.		जिल्ला	
Address	House /Ward No.		Tole		Rural Municipality/ Municipality		District	
सम्पर्क ठेगाना					मोबाइल नं.			
P.O.Box No		Phone No.		Email address		निवेदकको ना.प्र.नं.		
आवेदकको प्यान (PAN) नं. (रु. दश लाख भन्दा बढी लगानी गर्ने भएमा)						ना.प्र. जारी जिल्ला		

बाबुको नाम	
Father's Name	
बाजेको नाम	
Grandfather's Name	
पति/पत्निको नाम	
Husband's/ Wife Name	
संरक्षकको नाम (नावालकको हकमा)	
Guardian's Name: (In case of Minor)	

यस दरखास्त फाराममा भएको विवरणहरु पूर्ण रुपमा साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयम जिम्मेवार हुनेछु । साथै यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ती शुद्धीकरणको ऐनको बखिलाफ हुने गरी आर्जन गरेको होईन । भुटो ठहरिएमा प्रचलित कानुन बमोजिम सहत/ बुझाउन मेरो/ हाम्रो मन्जुरी छ ।

निवेदकको दस्तखत
(Applicant's Signature)

द्रष्टव्य:

१. सावित शेयरधनीले आफ्नो शेयरधनी नं./ हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. Demat भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID र Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. यस दरखास्त फारममा माग गरिएका सम्पूर्ण विवरण पूर्णरुपले नेपाली तथा अंग्रेजी दुवै भाषामा भर्नुपर्नेछ ।
४. रितपूर्वक नभरिएको दरखास्त हकप्रद शेयर वाँडफाँडमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फाराम स्वत रद्द हुनेछ ।
५. हक हस्तानान्तरण गर्ने गरी मनोनयन गर्ने व्यवस्था नभएको ।

यो रसिद हराई अकलि भूक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुने छ ।

मार्फत:

NMB CAPITAL LIMITED

एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं
फोन नं.: ९७७-०१-४४३७०९३, फ्याक्स: ४४३७०९०
इमेल: info@nmbcl.com.np, वेब: www.nmbcl.com.np

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

शेयरधनी नं.: सि.नं.:

हितग्राही खाता नं.	DP ID								
	Client ID								

Applicant's Name :							
Company's Name :	HIMALAYAN GENERAL INSURANCE CO.LTD.						
No. of Shares Applied		Call Money per Share	Rs. 100/-	Amount Deposited (Rs.)			
Amount in words:							

निवेदकको दस्तखत
(Applicant's Signature)

For Official use Only:

चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।

Received by:

Date:

Stamp

Code No.:

हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड

यस हकप्रद निष्काशन प्रयोजनको लागि मिति २०७४/०३/१६ मा शेयरधनी दर्ता किताब बन्द गरिएकोले सो भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुमात्र यस निष्काशनमा आवेदन दिन योग्य रहेको ।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७४/०२/३०

१) संगठित संस्थाको नाम :

हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड (Himalayan General Insurance Company Limited)

२) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११, बबरमहल, काठमाडौंमा रहेको छ ।

३) कारोवार स्थान :

यस कम्पनीको कारोवार गर्ने स्थान बागमती अञ्चल, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिकामा तथा शाखा कार्यालयहरु काठमाडौं, विरगंज, विराटनगर, बुटवल, पोखरा, ललितपुर, नारायणगढ, बनेपा र उप शाखा चौतारा र सिमारामा रहेको छ र आवश्यकता अनुसार बीमा समितिको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य सम्पर्क कार्यालय खोली कारोवार गर्न सक्नेछ ।

४) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

संगठित संस्थाको संक्षिप्त परिचय :

यस कम्पनी प्रचलित कम्पनी ऐन, बमोजिम मिति २०४५/०८/०८ मा नेपाल सरकार, वाणिज्य विभागमा दर्ता भएको हो । बीमा ऐन २०४९ अनुसार मिति २०५०/०४/०६ मा निर्जीवन बीमा सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०५०/०८/१६ गते देखि विधिवत रुपमा निर्जीवन बीमा सम्बन्धी कारोवार प्रारम्भ गरेको हो । यो कम्पनी साविकमा हिमालयन लाईफ एण्ड जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको नामबाट वाणिज्य विभागमा दर्ता भएकोमा मिति २०४९/०८/०१ देखि हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको नाम कायम रहेको हो ।

संगठित संस्थाको उद्देश्य :

कम्पनीको प्रबन्धपत्रको दफा ३ तथा नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छः-

क. निर्जिवन बीमा व्यवसाय र पूनर्बीमा व्यवसाय गर्ने यस कम्पनीको प्रमूख उद्देश्य रहेको छ ।
ख. स्वदेशी एवं विदेशी अन्य बीमा व्यवसायी कम्पनीहरु सँग मिलि वा मध्यस्थ भै पूनर्बीमाको काम गर्ने गराउने ।
ग. बीमालेख, प्रपोजल, पोलिसी आदि बनाउने, दस्तखत गर्ने तथा जारी एवं स्वीकार गर्ने ।
घ. बीमा अभिकर्ताको नियूक्ति कमिशन तथा बीमा प्रिमियम सम्बन्धी व्यबस्था गर्ने ।
ङ बीमा सम्बन्धमा भएको हानी नोक्सानी तथा क्षतिका सम्बन्धमा आवश्यक सर्भे गर्ने, निरिक्षण गर्ने र मुल्याङ्कन तथा यकिन गर्ने र क्षतिपूर्तिको रकम उपलब्ध गराउने ।
च. बीमा व्यवसाय सम्बन्धी उद्देश्य प्राप्तीको लागी प्रवन्धपत्रमा उल्लेखित अन्य विभिन्न कार्य गर्ने गराउने ।

५) शेयर पूँजीको विवरण :

(क) अधिकृत पूँजी : यस कम्पनीको अधिकृत शेयर पूँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अर्व रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- अङ्कित मूल्यका २,००,००,००० (दुई करोड) कित्ता शेयरहरुमा विभाजन गरिएको छ ।

(ख) जारी पूँजी : यस कम्पनीको जारी शेयर पूँजी रु. १,०२,७२,००,०००।- (अक्षरेपी एक अर्व दुई करोड बहत्तर लाख रुपैयाँ) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु.१००।- अङ्कित मूल्यका १,०२,७२,००० -एक करोड दुई लाख बहत्तर हजार) कित्ता शेयरहरुमा विभाजन गरिएको छ ।

(ग) चुक्ता पूँजी : यस कम्पनीको चुक्ता पूँजी हाल रु. ३८,५२,००,०००।- (अक्षरेपी अड्तिस करोड बाउन्न लाख रुपैयाँ) रहेको छ । यस हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,०२,७२,००,०००।- अक्षरेपी एक अर्व दुई करोड बहत्तर लाख रुपैयाँ) हुनेछ ।

६) शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको स्थिति

समूह	शेयरधनीहरु	शेयर संख्या	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक शेयरधनीहरु	५२,३८,७२०	५१%	५२,३८,७२,०००/-	शतप्रतिशत
(ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	५०,३३,२८०	४९%	५०,३३,२८,०००/-	शतप्रतिशत
	जम्मा	१,०२,७२,०००	१००%	१,०२,७२,००,०००/-	**शतप्रतिशत**

७) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव:

कम्पनीको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनु भएको छ ।

क्र.सं.	संचालकहरुको नाम	शैक्षिक योग्यता	अनुभव	पद	ठेगाना
१.	श्री महेन्द्र कृष्ण श्रेष्ठ	एम. ए. (अर्थशास्त्र)	सञ्चालक - अरनिको इन्टरनेशनल प्रा.लि. सञ्चालक - हिट्स नेपाल प्रा.लि. सञ्चालक - मंगल कलश ईन्भेष्टमेण्ट प्रा.लि. सञ्चालक - एन.सि.ई. होल्डिङ्ग प्रा.लि. सञ्चालक - माया रेमिट प्रा.लि.	अध्यक्ष	भंगिमण्डल, ललितपुर
२.	श्री विक्रम कृष्ण श्रेष्ठ	आई. एस्सी.	सञ्चालक - नेपाल कमर्शियल ईन्टरप्राईजेज प्रा.लि. सञ्चालक - मंगल कलश ईन्भेष्टमेण्ट प्रा.लि. सञ्चालक - एग्रो हिमाल प्रा.लि. सञ्चालक - चण्डी स्टिल एण्ड आईरल प्रा.लि. सञ्चालक - एन.सि.ई. होल्डिङ्ग प्रा.लि.	सञ्चालक	मानभवन, ललितपुर
३.	श्री विजित कृष्ण श्रेष्ठ	एम.वि.ए. (यु.एस.ए.)	सञ्चालक - एन.सि.ई. होल्डिङ्ग प्रा.लि. प्रवन्ध सञ्चालक - माया रेमिट प्रा. लि.	सञ्चालक	जावलाखेल, ललितपुर
४.	श्री अजय रत्न स्थापित	बि.कम.	सञ्चालक - न्यू होटल क्रिष्टल प्रा. लि. सञ्चालक - लुम्बिनी गार्डेन न्यू कृष्टल प्रा.लि. सञ्चालक - हिडन ट्रेजर प्रा.लि.	सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)	ज्याठा, काठमाण्डौं
५.	श्रीमती नुरा कुमारी शर्मा	एम.एड.	विगत २० वर्षदेखि शिक्षण पेशामा कार्यरत अध्यक्ष - लक्ष्मी दर्शन कोअपरेटिभ लिमिटेड	सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)	नयाँबानेश्वर, काठमाण्डौं
६.	श्री दशरथ लाल श्रेष्ठ	बि.कम., बि.एल	भू.पू. महाप्रवन्धक - नेपाल ईन्स्योरेन्स कम्पनी लिमिटेड नेपाल बैंक लिमिटेडमा विशिष्ट अधिकृत श्रेणीमा कार्य गरेको अनुभव	स्वतन्त्र संचालक	कुमारीपाटी, ललितपुर

कार्यकारी प्रमुखको विवरण

क्र.सं.	नाम	पद	ठेगाना	शैक्षिक योग्यता/अनुभव
१.	श्री शुशिल बज्राचार्य	प्रमुख कार्यकारी अधिकृत	ललितपुर-१७, काठमाडौं	- एम.वि.ए - सन् १९८२ देखि सन् १९८७ सम्म बिक्री अधिकृतका रुपमा होममेकर प्रा. लि मा कार्य गरेको अनुभव - सन् १९८२ देखि सन् १९८७ सम्म प्रवन्धकका रुपमा होममेकर प्रा. लि मा कार्य गरेको अनुभव - सन् १९९३ देखि हालसम्म विभिन्न पदमा रही हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड कार्य गरेको अनुभव • वरिष्ठ अधिकृत सन् १९९३ देखि सन् १९९६ • सहायक प्रवन्धक सन् १९९६ देखि सन् २००० • प्रवन्धक सन् २००० देखि सन् २००५ • वरिष्ठ प्रवन्धक सन् २००५ देखि सन् २००९ • उप महाप्रवन्धक सन् २००९ देखि सन् २०१५ • निमित्त प्रमुख कार्यकारी अधिकृत अप्रिलसन् २०१५ देखि जुलाई २०१५ • प्रमुख कार्यकारी अधिकृत जुलाई २०१५ देखि हालसम्म

८) संचालक समितिको बनौट :

सञ्चालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

संस्थापक समूह "क" वर्गका शेयरधनीहरुबाट	३ (तिन) जना
सर्वसाधारण समूह "ख" वर्गका शेयरधनीहरुबाट	२ (दुई) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

९) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन तथा विक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०३/१६ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १.६६६७ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.६६६७ कित्ताको दरले) हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा नेपाल धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत बुझाइ आवेदन दिन सक्नेछन् । त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिनेछ र थप धितोपत्र बोर्डमा दर्ता गरिने व्यहोरा आगामी वार्षिक साधारण सभाबाट निर्णय गरिनेछ । यसरी खण्डित हकप्रद शेयरलाई धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार बाँडफाँड गर्ने निर्णय कम्पनीको सञ्चालक समितिले गर्नेछ ।

दरखास्तसाथ प्रति शेयर रु.१००।- को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

१०) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

शेयरधनीहरुले आफूले प्राप्त गर्ने हकप्रद शेयरको लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहेका शेयरहरु बीमा समितिको निर्देशन तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १५ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको निर्णयबाट अत्यन्त पारदर्शी तवरले जस्तै लिलाम बढाबढको माध्यमबाट बिक्री वितरण गरिनेछ ।

११) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

कम्पनीले यस हकप्रद निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०३/१६ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले शेयर खरीद गर्दा आफ्नो नाममा कायम शेयरको १ : १.६६६७ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.६६६७ कित्ताको दरले) हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन् । साथै शेयरधनीहरुले आफूले हकप्रद आधारमा माथि उल्लेख भए बमोजिम आवेदन दिंदा खण्डित शेयरलाई समेत रकम थप गरीपूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । तर आफ्नो नाममा कायम भएको शेयरको हक भन्दा वा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरीदका लागि दरखास्त दिन मिल्ने छैन तर खरीद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरीदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन् ।

१२) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :

(क) नेपाल सरकारले वर्तमान बीमा सेवा नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ ।
(ख) पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।
(ग) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।
(घ) कम्पनीको लगानी खराब भई हुन सक्ने जोखिमहरु ।
(ङ) नयाँ निर्जीवन बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुने जोखिम ।
(च) अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर बीमा लगानीको क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुने जोखिमहरु ।

व्यावसायिक जोखिमहरुबाट श्रृजना हुनसक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ । लगानीका क्षेत्रहरुमा अध्ययन र विश्लेषण गरेर मात्र लगानी गर्ने गरिएको छ । संभावित जोखिमको लागि समय समयमा बजार अध्ययन र प्रतिष्पर्धाको अवस्थालाई दृष्टिगत गरी सोही अनुसार व्यवसायको विस्तार गर्ने गरिएको छ । संभावित जोखिमका क्षेत्रहरुलाई हरसम्भव प्रयास गरी जोखिमको न्यूनिकरण गर्न व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धि जोखिम :

निष्काशन गरिएको शेयर मूल्य रु. १००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१३) संगठित संस्थाको संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिको वित्तीय विवरण तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवोर्थ, नेटवर्थमा प्रतिफल र निष्काशनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :

कम्पनीको विगत तीन आर्थिक वर्षको वास्तविक तथा आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

वासलात

विवरण	वास्तविक (रु. हजारमा)			चैत्र मसान्त	प्रक्षेपित (रु. हजारमा)**		
	२०७०/०७१	२०७१/०७२	२०७२/०७३	२०७३/०७४*	२०७३/०७४	२०७४/०७५	२०७५/०७६
श्रोत							
चुक्ता पूंजी	२५०,०००	२६७,५००	३२१,०००	३८५,२००	१,०२७,२००	१,०२७,२००	१,०२७,२००
जगेडा तथा कोष	८४,१४९	११६,९५९	११८,९०६	९४,९८२	१४५,८४९	२८२,६११	४५८,६८८
वीमा कोष	११०,७०२	१८०,३८७	२४५,००३	३०४,८६९	३४६,२७३	४९८,२३०	६९३,८७२
महा विपत्ति जगेडा	७,१५१	१३,०५४	१९,५९०		२९,७१७	४४,९१३	६४,४७७
तिर्न बाँकी दीर्घकालीन ऋण तथा सापटी	-	-	-		-	-	-
कुल श्रोत	**४५२,००२**	**५७७,९०१**	**७०४,५००**	**७८५,०५२**	**१,५४९,०४०**	**१,८५२,९५४**	**२,२४४,२३७**
उपयोग							
स्थिर सम्पत्ती (खुद)	३८,७१४	३८,२७६	४०,९२१	४३,१२८	४७,०९०	५०,३८६	५३,८०८
दीर्घकालीन लगानी	२१६,१५१	२०२,४०३	११९,०७५	१५२,४८०	१३९,२६७	१४५,९४२	१५०,३३१
दीर्घकालीन कर्जा	-	-	-		-	-	-
चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु	-	-			-	-	-
नगद तथा वैक मौज्दात	११,७३६	६,१४१	३,६१७	१२३,८०७	४,१६८	३,४४६	२,९९३
अल्पकालिन लगानी	५३८,५७४	६५८,०१६	६९४,९१९	७१८,८००	१,५७८,६६८	१,८०१,७८१	२,१०८,४८५
अल्पकालिन कर्जा	-	-	-		-	-	-
अन्य सम्पत्ती	३५२,९००	८६९,३९७	५१८,८४६	४०४,३०५	५४२,२४०	७४८,०६४	९८३,४२८
जम्मा (क)	**९०३,२०९**	**१,५३३,५५३**	**१,३१७,३८२**	**१,२४६१९२**	**२,१२५,०७६**	**२,५५३,२९०**	**३,०९४,९०६**
चालु दायित्व तथा व्यवस्थाहरु			-				
चालु दायित्व	२१६,३३३	६७२,६४२	१५८,२८५	१३८,४५७	१८२,७५२	२२५,६९४	२७५,९८५
असमाप्त जाखिम वापत व्यवस्था	११९,१४२	११२,२३८	११२,२९०	१६४,७२३	१७५,८७८	२४५,६५१	३२६,९३७
भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था	११०,५८२	१४७,५७०	११८,३९७	९४,१७०	१३०,९६३	१४४,०५९	१६५,६६८
अन्य व्यवस्था	२६०,५७१	२६३,८८२	२८३,९०७	२५९,३९८	२७२,७९९	२८१,२६०	२८६,२१८
जम्मा (ख)	**७०६,६२८**	**१,१९६,३३१**	**६७२,८७९**	**६५६,७४८**	**७६२,३९२**	**८९६,६६५**	**१,०५४,८०९**
खुद चालु सम्पत्ती (ग) = (क)-(ख)	**१९६,७२४**	**३३७,२२२**	**५४४,५०३**	**५८९,४४४**	**१,३६२,६८३**	**१,६५६,६२६**	**२,०४०,०९८**
अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	४१३	-	-	-	-	-	-
नाफा नोक्सान हिसाववाट सारेको नोक्सान	-	-	-	-	-	-	-
कुल उपयोग	**४५२,००२**	**५७७,९०१**	**७०४,५००**	**७८५,०५२**	**१,५४९,०४०**	**१,८५२,९५३**	**२,२४४,२३७**

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			चैत्र मसान्त	प्रक्षेपित (रु. हजारमा)**		
	२०७०/०७१	२०७१/०७२	२०७२/०७३	२०७३/०७४*	२०७३/०७४	२०७४/०७५	२०७५/०७६
आम्दानी							
आय व्यय हिसाब बाट सारेको नाफा/(नोक्सान)	१३९,२७२	१२७,०३०	१८९,४२०	१२२,१७३	२४३,८२०	३८३,२५३	५२०,४८९
लगानी कर्जा तथा अन्यबाट आयय	१६,९१६	६८,२६७	२३,५०७	१०,७५२	३०,४८५	४९,४७३	५०,६४१
व्यवस्था फिर्ता	९८	२,८५१	२,२७४	-	५४,१८५	५४,१८५	५४,१८५
अन्य आम्दानी	-	-	-	-	-	-	-
जम्मा आम्दानी (क)	**१५६,२८६**	**१९८,१४८**	**२१५,२०१**	**१३२,९२५**	**३२८,४९०**	**४८६,९११**	**६२५,३१५**
खर्च							
व्यवस्थापन खर्च	५,७५७	६,४१२	७,२४९	६,३४३	८,२०८	९,३३१	१०,४४२
अपलेखन खर्च	६४५	४४८	११५	-	-	-	-
शेयर सम्बन्धी खर्च	१,५६४	३९४	३१५	-	२,०००	-	-
अन्य खर्च	-	-	-	-	-	-	-
नोक्सानीको लागि व्यवस्था	-	१,०००	१,२५१	-	-	-	-
कर्मचारी आवास व्यवस्था	-	-	-	-	-	-	-
कर्मचारी वोनस व्यवस्था	१३,४८४	१७,२६३	१८,७५२	११,५०७	२८,९३५	४३,४१६	५५,८९८
समायोजित कर अ=आ - ई	४१,४७६	३०,९५६	५६,६५४	३४,५२२	८६,८०४	१३०,२४९	१६७,६९३
आ) आयकर	४२,७८१	३३,२६०	५८,२८७	३४,५२२	८६,८०४	१३०,२४९	१६७,६९३
ई) स्थगन कर दायित्व /(सम्पत्ति)	(१,३०४)	(२,३०४)	(१,६३३)	-	-	-	-
जम्मा खर्च (ख)	६२,९२६	५६,४७३	८४,३३७	५२,३७२	१२५,९४७	१८२,९९७	२३४,०३२
खुद नाफा / (नोक्सान) (ग) = (क) - (ख)	**९३,३६०**	**१४१,६७५**	**१३०,८६४**	**८०,५५३**	**२०२,५४३**	**३०३,९१४**	**३९१,२८३**
वीमा कोष सारेको	४६,०२८	६९,६८६	६४,६१६	-	१०१,२७२	१५१,९५७	१९५,६४१
वीमा जगेडा सारेको	-	-	-	-	-	-	-
अघिल्लो वर्ष सग सम्वन्धित खर्च	-	१२,९६०	८८६	-	-	-	-
अघिल्लो वर्षबाट सारिएको नाफा/नोक्सान	(५,८२२)	२७,७११	२२,२१८	-	११,८३१	१०२,९७५	२३९,७३७
बाँडफाँडको लागि उपलब्ध रकम	**४१,५१०**	**८६,७४०**	**८७,५७९**	-	**११३,१०३**	**२५४,९३२**	**४३५,३७८**
शेयर प्रिमियम रकम	१७,२८१			-			
बाँडफाँडको लागि उपलब्ध रकम शेयर प्रिमियम पछि	**५८,७९१**	**८६,७४०**	**८७,५८०**	-	**११३,१०३**	**२५४,९३२**	४३५,३७८
क) स्थगन कर जगेडा	१,३०४	२,३०४	१,६३३	-	-	-	-
ख) पुंजीगत जगेडा	-	-	-	-	-	-	-
ग) विषेश जगेडा	-	-	-	-	-	-	-
घ) अन्य जगेडा	-	-	-	-	-	-	-
ङ) प्रस्तावित लाभांश	-	-	-	-	-	-	-
अ)वोनश शेयर	१७,५००	५३,५००	६४,२००	-	-	-	-
आ) नगद लाभांश	८,१२५	२,८१६	३,३७९	-	-	-	-
च) महा-विपत्ती जगेडा	४,१५१	५,९०३	६,५३६	-	१०,१२७	१५,१९६	१९,५६४
वासलातमा सारेको नाफा/(नोक्सान)	**२७,७११**	**२२,२१८**	**११,८३२**	-	**१०२,९७५**	**२३९,७३७**	**४१५,८१४**

एकिकृत आय-व्यय हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			चैत्र मसान्त	प्रक्षेपित (रु. हजारमा)**		
	२०७०/०७१	२०७१/०७२	२०७२/०७३	२०७३/०७४*	२०७३/०७४	२०७४/०७३	२०७४/०७५
आय							
वीमा शूल्क (खुद)	२३५,६३३	२२१,३५०	२२१,३८५	२१८,६४१	३४८,३८६	४८७,७४०	६४९,६७५
पुनर्बीमा कमिशन आय	६७,३०२	७२,६९४	९४,०५०	७८,१७५	१५९,५८३	२१५,०१०	२६३,११३
लगानी, कर्जा तथा अन्यबाट आय	३३,२४८	५९,६८५	१९,४०८	२०,८७२	२६,५१३	२६,८८९	२९,८२६
अन्य प्रत्यक्ष आय	३०३	३१५	८४८	८२८	१,१२०	१,५६८	१,९५२
आर्थिक वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था	९७,८००	११०,५८२	१४७,५७०	११८,३९७	११८,३९७	१३०,९६३	१४४,०५९
आर्थिक वर्षको शुरुको असमाप्त जोखिम वापत व्यवस्था	१११,५५९	११७,५७९	११०,६४०	११२,२९०	११०,६०४	१७४,०९७	२४३,५५१
जम्मा आय	**५४५,८४५**	**५८२,२०६**	**५९३,९०१**	**५४९,२०३**	**७६४,६०३**	**१,०३६,२६८**	**१,३३२,१७७**
व्यय							
दावी भुक्तानी (खुद)	१००,४१२	११९,३८२	९७,७७७	९९,३५७	११७,९६२	१४७,७९२	१८४,७४१
अभिकर्ता कमिशन	२१,२६७	१६,००५	८,९९८	८,६७३	१७,८६६	२५,०१३	३१,६४१
पुनर्बीमा कमिशन खर्च	२,०३६	१,३७४	६०७	१९०	१,३२३	१,८५२	२,३७५
सेवा शुल्क (खुद)	२,४६४	२,२९४	२,२७०	२,१८६	३,४८४	४,८७७	६,४९७
अन्य प्रत्यक्ष खर्च	१८२	१६८	४९६	६४८	१,१२०	१,५६८	१,९५२
व्यवस्थापन खर्च	५१,८१४	५७,७०६	६५,२४४	५७,०८३	७३,८७२	८३,९८३	९३,९७६
आर्थिक वर्षको अन्तयमा भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था	११०,५८२	१४७,५७०	११८,३९७	९४,१७०	१३०,९६३	१४४,०५९	१६५,६६८
आर्थिक वर्षको अन्तयमा असमाप्त जोखिम वापत व्यवस्था	११७,८१६	११०,६७५	११०,६९३	१६४,७२३	१७४,१९३	२४३,८७०	३२४,८३७
जम्मा व्यय	**४०६,५७३**	**४५५,१७६**	**४०४,४८१**	**४२७,०३०**	**५२०,७८३**	**६५३,०१५**	**८११,६८८**
नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान)	**१३९,२७२**	**१२७,०३०**	**१८९,४२०**	**१२२,१७३**	**२४३,८२०**	**३८३,२५३**	**५२०,४८९**

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS) = २९.६८%

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

विवरण	वास्तविक (रु. हजारमा)			चैत्र मसान्त	प्रक्षेपित (रु. हजारमा)**		
	२०७०/०७१	२०७१/०७२	२०७२/०७३	२०७३/०७४*	२०७३/०७४	२०७४/०७५	२०७५/०७६
चुक्ता पूंजी	२५०,०००	२६७,५००	३२१,०००	३८५,२००	१,०२७,२००	१,०२७,२००	१,०२७,२००
जगेडा तथा कोषहरु	२०२,००२	३१०,४०१	३८३,५००	३९९,८५१	५२१,८४०	८२५,७५४	१,२१७,०३७
जम्मा	४५२,००२	५७७,९०१	७०४,५००	७८५,०५१	१,५४९,०४०	१,८५२,९५४	२,२४४,२३७
घटाउने : स्थगन कर जगेडा	८,९३८	११,२४१	१२,८७४	-	१२,८७४	१२,८७४	१२,८७४
घटाउने : अपलेखन हुन बाँकी खर्च	४१३	-	-	-	-	-	-
कुल नेटवोर्थ	४४२,६५१	५६६,६५९	६९१,६२६	७८५,०५१	१,५३६,१६६	१,८४०,०८०	२,२३१,३६३
शेयर संख्या (हजारमा)	२,५००	२,६७५	३,२१०	३,८५२	१०,२७२	१०,२७२	१०,२७२
प्रति शेयर नेटवोर्थ (रु.)	१७७.०६	२११.८४	२१५.४६	२०३.८०	१४९.५५	१७९.१४	२१७.२३
प्रति शेयर आम्दानी (रु.)	३७.३४	५२.९६	४०.७७	२०.९१	१९.७२	२९.५९	३८.०९
प्रतिशेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००
नेटवोर्थमा प्रतिफल (%)	२१.०९	२५.००	१८.९२	१०.२६	१३.१८	१६.५२	१७.५४

नोट : आ.व २०७०/७१ मा स्थगन कर जगेडा रु ८९३८ (हजारमा) घटाइएकाले वास्तविक विवरणभन्दा फरक पर्न गएको ।
* व्यवस्थापनद्वारा प्रमाणित २०७३ चैत्र मसान्तको अपरिष्कृत वित्तीय विवरण अनुसार ।
** यस प्रक्षेपित वित्तीय विवरण कम्पनी स्वयले तयार गरेको हो र सो प्रक्षेपित वित्तीय विवरणको पुनरावलोकन गरी ठिक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा सुरेश श्रेष्ठ एण्ड एसोसियटस्का चार्टर्ड एकाउण्टेण्ट श्री सुरेशचन्द्र श्रेष्ठ रहनु भएको छ । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको कम्पनीको उद्घोषण रहेको छ ।

१४) शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

(१) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ ले गरेको व्यवस्था बमोजिम कम्पनीले आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरि सम्बन्धित शेयरधनीहरुलाई बाँडफाँड पत्र र फिर्ता भुक्तानी दिने व्यवस्था गरि सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ । यसरी बाँडफाँड भएपश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हकप्रद शेयरको कित्ता निजहरुको हितग्राही खातामा सोझै जम्मा गरिनेछ । हितग्राही खाता नभएका शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको भौतिक शेयरलाई अभौतिक गराए पश्चात स्वतः हितग्राही खातामा जम्मा गरिनेछ वा निवेदन दिएमा निजको हितग्राही खातामा जम्मा गरिनेछ ।

१५) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

कम्पनीले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँड गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

१६) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :

कम्पनीको विगत तीन आर्थिक वर्षको तथा विगत तीन महिनाको शेयर कारोवारको विवरण निम्नानुसार रहेको छ ।

कम्पनीको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण				
आर्थिक वर्ष	**अधिकतम शेयर मूल्य (रु)**	**न्यूनतम शेयर मूल्य (रु)**	**अन्तिम बजार मूल्य (रु)**	**शेयर कारोवार संख्या**
२०७२/२०७३	१६७२	३६८	१३८०	१७,०१,१६६
२०७१/२०७२	६३०	३७८	३८१	२,३१,६३६
२०७०/२०७१	७१८	१८५	५९०	६,२२,७५६
कम्पनीको विगत तीन महिनाको शेयर कारोवारको विवरण				
वैशाख २०७४	१६८०	१५७०	१६३९	१७६९८४
चैत्र २०७३	१७४०	१०७५	१७००	१७६४२०
फागुन २०७३	११२०	८१०	१०९०	६५५७२

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

१७) हकप्रद शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

(१) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरीदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०३/१६ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १.६६६७ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.६६६७ कित्ता को दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
(२) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हितग्राही परिचय नं., हाल कायम रहेको शेयर संख्या, आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।
(३) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।
(४) दरखास्तसाथ प्रति शेयर रु. १००।- को दरले आफूले हकप्रद आधारमा माथि १७ (१) मा उल्लेख भए अनुसार खरीद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।
(५) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०३/१६ भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।
(६) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।
(७) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दावी विरोध लाग्नेछैन ।
(८) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।
(९) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिनुपर्नेछ ।
(१०) शेयरको प्रमाणपत्र वितरण नगरिने हुँदा आवेदकले आफ्नो हितग्राही खाता उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता नभएका शेयरधनीहरुलाई हितग्राही खाता उपलब्ध गराए पश्चातमात्र बाँडफाँडमा परेको शेयर निजको हितग्राही खातामा जम्मा गरिनेछ ।

१८) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः

हक हस्तान्तरण गर्ने गरी मनोनयन गर्ने व्यवस्था नभएको ।

१९) धितोपत्र खरिदका लागि आवेदन फारम पाइने, रकम जम्मा गर्ने र आवेदन फारम बुझाउने स्थानहरु साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्ने वा हेर्न सकिने ठाँउ :

क्र.स.	नाम	ठेगाना
१.	एनएमबि क्यापिटल लिमिटेड	नागपोखरी, काठमाडौं* ।
२.	एनएमबि बैंक लिमिटेड	सूर्यविनायक, भक्तपुर; कुमारीपाटी, ललितपुर, तीन दोबाटो, बनेपा; ट्राफिक चोक, बुटवल; महेन्द्रपथ, धरान; रङ्गेलीरोड, विराटनगर; सुर्खेतरोड, नेपालगञ्ज; बसपार्क रोड, धनगढी; न्यूरोड पोखरा; आदर्शनगर, वीरगञ्ज; नारायणगढ, चितवन; भानुचोक, जनकपुर र बिर्तामोड, झापा ।

*उपरोक्त संकलन केन्द्रमा दरखास्त फारमसाथ चेकमात्र बुझिलिने व्यवस्था गरिएको छ ।

उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंद्वारा अन्य माध्यममार्फत सूचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्न व्यवस्था गरिने छ । उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी **(A/C Payee)** ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा पठाउन सकिने छ । हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन ।

२०) निष्काशन बैंक (Bankers to the Issue) :

सि.नं.	नाम, ठेगाना	खाता नं.
१	एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं	००१३०६०००५४०१००००१९२

२१) हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्रि नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुःल्ला राख्न सकिनेछ ।

२२) लगानीकर्ताहरुको गुनासो तथा सुझाव सम्बन्धी व्यवस्था :

बैंकको प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्: फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०, E-mail: info@nmbcl.com.np

२३) क्रेडिट रेटिङ्ग सम्बन्धी स्वघोषणा :

बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA Nepal) ले यस कम्पनीद्वारा जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई औषत आधारहरु (Fundamentals) जनाउने "[ईक्रा एनपि] आईपिओ ग्रेड ३" प्रमाणपत्र प्राप्त गरेको छ । [ICRANP] IPO GRADE 3 ले Average Fundamentals जनाउदँछ । ग्रेड २, ३, र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउदँछ ।

२४) सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले रु. ३६,६९,१४,७००/- जम्मा गरिसकेको जानकारी गराउँदछौं ।

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति	**: २०७४/०३/२८**
हकप्रद शेयर निष्काशन बन्द हुने मिति	**: २०७४/०४/३१ (बैकिङ्ग समय पश्चात्)**

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :

NMB
NMB CAPITAL LIMITED

एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं
फोन नं.: ४४३७९६३, फ्याक्स्: ४४३७९६०
इमेल: info@nmbcl.com.np, वेब: www.nmbcl.com.np

दरखास्तवाला उपस्थित हुन नसकेमा मात्र ।

विषयः मञ्जुरीनामा सम्बन्धमा ।

हिमालयन जनरल ईन्योरेन्स कं. लि.
HIMALAYAN GENERAL INSURANCE CO.LTD.
बबरमहल, काठमाडौं । फोन नं.: ९७७-०१-४२३१७८८, फ्याक्स: ९७७-०१-४२४१५१७
Email: ktm@hgi.com.np | URL: www.hgi.com.np

म/हामी आफै उपस्थित हुन नसकेकोले मेरो/हाम्रो नाममा आवेदन गरेको ....कित्ता हकप्रद शेयर प्रति शेयर रु.१००/- का दरले जम्मा रु................ (अक्षरेपी ....) मध्ये बाँडफाँडमा ....कित्ता हकप्रद शेयर परेकोले बाँकी रु. .... (अक्षरेपी ....) र सोको प्रमाण-पत्र श्री .... हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौ । निजलाई भुक्तानी/शेयर प्रमाण-पत्र दिनु भएमा पछि कुनै किसिमको बाधा विरोध गर्ने छैन/छैनौं । गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मञ्जुरी छ ।

भवदीय,

निवेदकको दस्तखत :	मञ्जुरीनामा पाउनेको दस्तखत : ....
निवेदकको नाम :	मञ्जुरीनामा पाउनेको नाम : ....
निवेदकको फोन नं. :	मञ्जुरीनामा पाउनेको फोन नं. : ....

यो रसिद हराई अर्कालि भुक्तानी/ शेयर प्रमाण-पत्र लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुने छ ।